परशुराम नगरपा

# स्थानीय राजपत्र

परशुराम नगरपालिकाबाट प्रकाशित

खण्ड: २ संख्या: १२ मिति: २०७६/०६/०८

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

## भाग १

### महिला, वालवालिका, दलित आदिवासी तथा लक्षित वर्गका कार्यक्रमहरु संचालन ऐन २०७६

परशुराम नगरपालिका भित्र लक्षित समुदायका लागी आर्थिक, सामाजिक तथा विकासात्मक कार्यक्रम सञ्चालन गरि सामाजिक न्याय र समानता कायम गर्नका लागी नगरपालिका द्वारा तोकिएको वजेटको परिधि भित्र रही कार्यक्रम संचालन गर्न सो कार्यक्रम संचालनको ऐन तयार गर्नु वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन २०७४ दफा १०२ (१) बमोजिम चौथो नगर सभाले पारित गरी यो ऐन बनाईएको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस ऐनको नाम " महिला, वालवालिका, दलित आदिवासी तथा लक्षित वर्ग कार्यक्रम संचालन गर्न बनेको ऐन २०७६" रहनेछ ।

(ख) यो ऐन परशुराम नगरसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकासित भएको मिति देखि परश'राम नगरपालिका क्षेत्रभित्र प्रारम्भ हुनेछ ।

२) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) 'नगरपालिका' भन्नाले परशुराम नगरपालिकालाई जनाउनेछ ।

(ख) 'नगर प्रमुख' भन्नाले परशुराम नगरपालिकाका नगर प्रमुखलाई जनाउनेछ ।

(ग) 'उप प्रमुख' भन्नाले परशुराम नगरपालिकाका नगर उप प्रमुखलाई जनाउनेछ ।

(घ) 'लक्षित कार्यक्रम' भन्नाले नगरपालिका अन्तर्गतका महिला, आदिवासि, जनजाति, दलित, पिछडिएको वर्ग, अल्पसंख्यक समुदायको बहुपक्षिय हित गर्ने वा लक्षित वर्ग भनि तोकिएको अन्य कार्यक्रमलाई जनाउछ ।

(च) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले परशुराम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत लाई जनाउछ ।

(झ) 'समन्वय समिति' भन्नाले परशुराम नगर कार्यपालिकाले गठन गरेको समितिलाई जनाउनेछ ।





## परिच्छेद ७
## विविध

(१२) यस ऐनमा देहाय बमोजिमका प्रावधानहरु रहनेछन्:
(क) यस ऐनमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम् हुनेछन ।

(ख) यस ऐनको अधिनमा रही नगरकार्यपालिकाले आवस्यकतानुसार वालवालिका, ज्येष्ठ नागरिक, लक्षित वर्गको कार्यक्रम संचालन नियमावली, कार्यविधि बनाउन सक्नेछ ।

प्रमाणिकरण मितिः २०७६।०३।१२

आज्ञाले
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत



परशुराम नगरपालिका

(८) **पदावधीः** समन्वय समितिका मनोनित पदाधिकारीको पदावधि नियुक्ति भएको मितिले १ वर्षको हुनेछ ।

(९) **बर्खास्त गर्न सकिने अवस्थाः** देहायको अवस्थामा समन्वय समितिका मनोनित पदाधिकारीको पद बर्खास्त हुनेछ ।

(क) नगरपालिकालाई आघात पुग्ने काम गरेमा

(ख) आर्थिक हिनामिना गरेमा

(ग) परशुराम नगरपालिकाको सिमा भन्दा बाहिर बसाईसराई गरेमा

निजको काम कार्बाहिमा चित्त नबुझेमा पदबाट बर्खास्त गरिनेछ तर निजलाई एक पटक सफाईको मौका दिईनेछ ।

(१०) **पद रित्त हुन सक्ने अवस्थाः** देहायको अवस्थामा समन्वय समितिका पदाधिकारीको पद रित्त हुनेछः

(क) समितिको पदाधिकारीले नगरपालिका प्रमुख समक्ष लिखित राजिनामा दिएमा,

(ख) निजको मृत्यु भएमा

**(११) समन्वय समितिको काम कर्तव्य र अधिकारः**

(क) लक्षित वर्गका हितमा काम गर्ने,

(ख) नगरपालिकाबाट हुने लक्षित वर्गका कार्यक्रम सञ्चालनमा सहयोग र समन्वय गर्ने,

(ग) महिला, दलित, जनजाती, अपाङ्ग, ज्येष्ठ नागरिक, बालबालिकाहरुको तथ्याङ्क संकलन तथा अभिलेख राख्ने,

(घ) नगरपालिकाको निति निर्माणमा सहयोग पुऱ्याउने,

(ङ) महिला,अपाङ्ग, बालबालिका माथी हुने हिंसा न्युनिकरण सम्बन्धीर्यक्रमाका सहजीकरण गर्ने,

(च) दलितहरु माथी हुने छुवाछुत विरुद्ध विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने,

(छ) जनजातिहरुको भाषा संरक्षण सम्बन्धी कार्यक्रममा टेवा पुऱ्याउने





## परिच्छेद २
## उद्देश्य

यस ऐनको **उद्देश्य** देहाय बमोजिम रहेकाछन्:

(क) लक्षित वर्ग समुदायको बहुपक्षिय हित प्रवर्धत गर्नु ।

(ख) लक्षित वर्गका लागी विनियोजित रकमको सदुपयोग गर्दै योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

(ग) नेपाल सरकार वा स्थानीय तहको नियमानुसर कार्यक्रम संचालन गर्नु ।

## परिच्छेद ३
## कार्यक्रम तर्जुमा

**४. कार्यक्रम तर्जुमा तपसिल बमोजिम हुनेछः**

(१) नगरपालिकाले वार्षिक वा क्रमागत रुपमा कार्यान्वयन गर्नका लागी कार्यक्रमरु तर्जुमा गर्नेछ । लक्षित कार्यक्रमहरु विकासात्मक वा निर्माणात्मक वा क्षमता विकासमुलक हुन सक्नेछन् । यस्ता कार्यक्रमहरु नगरसभाबाट पारित गरि कार्यान्वयन गरिनेछ ।

(२) नगरसभाले कार्यक्रम तर्जूमा सम्बन्धि अख्तियारी नगर कार्यपालिकालाई दिएको खण्डमा नगरकार्यपालिका बैठकबाट कार्यक्रम पारित गरि लागु गर्न सकिनेछ ।

(३) अन्य निकायबाट हस्तान्तरण भई आएका वा समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रम समेत नगर कार्यपालिकाको बैठकबाट निर्णय गरि सञ्चालन गर्न सकिनेछ ।

(४) कार्यक्रम तर्जुमाका आधारहरु :

(क) दिर्घकालिन लाभजन्य पुर्वाधार तयार गर्ने,

(ख) सम्बन्धित क्षेत्रको मौलिकता र संस्कृतिको प्रवर्धन गर्ने,



परशुराम नगरपालिका

(ग) क्षमता वा सिप विकास र रोजगारिमुलक,

(घ) स्थानिय उत्पादनको सदुपयोग गर्ने,

(ङ) स्थानिय आवश्यकतामा आधारित वस्तु तथा सेवाको उत्पादन गर्ने,

(च) सभागितामुलक ।

(छ) छीटो प्रतिफल प्राप्त हुन सक्ने ।

## परिच्छेद ४
## कार्यक्रम कार्यान्वयन

५.कार्यकम कार्यान्वयन सम्बन्धी व्यवस्थाः

(क) लक्षित वर्गका सबै कार्यक्रमहरु नगरपालिकाको कार्याकम कार्यान्वयन पुस्तिका भए सोही बमोजिम र सो नभए नेपाल सरकारको प्रचलित नियमानुसार कार्यान्वयन गरिनेछ । नगरपालिकाले निर्धारण गरेबमोजिम योजना कार्यान्वयन र फरफारक गर्नुपर्नेछ ।

(ख) उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाका हकमा उपभोक्ता समिति, लक्षित वर्ग समुदाय बाहेक अन्यको प्रतिनिधित्व हुने छैन ।

(ग) क्षमता विकास सम्बन्धि कार्यक्रम कार्यान्वयनमा विस्तृत प्रस्तावना स्वीकृत गराई सोही बमोजिम गर्नुपर्नेछ ।

(घ) सेवा सहयोग वा अन्य जेसुकैको नाममा सिधै रकम वितरण गर्न पाईने छैन ।





## परिच्छेद ५
## अनुगमन तथा मूल्यांकन

(५) अनुगमन तथा मुल्याङ्कन सम्बन्धि व्यवस्था

(क) नगरपालिकाबाट आवश्यकता अनुसार लक्षित कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन प्रचलित नियमानुसार गर्न सकिनेछ ।

(ख) अनुगमन तथा मुल्याङ्कनका क्रममा निर्धारित कार्यविधि पालना गरिएको नपाईएमा कार्यक्रम रद्द गर्न, जरिवाना गर्न, कार्यक्रम सञ्चालक समितिलाई कारवाहि गर्न सकिनेछ ।

## परिच्छेद ६
## समन्वय समिति

(६) नगरपालिकामा संचालन हुने सम्पूर्ण लक्षित वर्गका कार्यक्रमहरु सञ्चालनमा सहयोग र समन्वय गर्नको लागी देहाय बमोजिमको समन्वय समिति गठन गरिनेछ ।

संयोजक - नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत

सदस्य - संयोजक नगरकार्यपालिकाको सम्बन्धीत समिति

सदस्य - लेखा शाखा प्रमुख

सदस्य - प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना अधिकृत स्तरको कर्मचारी

सदस्य - नगरकार्यपालिकाका सदस्यहरु मध्येबाट नगरकार्यपालिकाबाट मनोनित १ जना र नगर प्रमुखबाट मनोनीत १ जना गरी २ जना सदस्य

सदस्य सचिव – सम्बन्धीत क्षेत्र हेर्ने कर्मचारी वा विषयगत शाखा प्रमुख

(७) **बैठक तथा सेवा सुविधाः** समन्वय समतिको बैठक आवस्यकतानुसार बस्नेछ । वैठकको सुविधा नगरपालिकाले तोके बमोजिम हुनेछ ।



परशुराम नगरपालिका